# प्रेस विज्ञप्ती

मंसिर २६, २०७७

## सिद्धार्थ बैंकद्वारा वृद्धआश्रम पुन संरचना गर्नका लागि आर्थिक सहयोग

सिद्धार्थ बैंक लिमिटेडले २०७७ मंसिर २६ गते शुक्रबार काठमाडौंको कागेश्वरी मनोहरा नगरपालिका वडा नं. ९, गोठाटार स्थित श्री कृष्ण प्रणामी सेवा समिति नेपाललाई सामाजिक उत्तरदायित्व अर्न्तगत रु. दुई लाख आर्थिक सहयोग प्रदान गरेको छ ।

उक्त रकम श्री कृष्ण प्रणामी सेवा समिति नेपालले २०७२ सालमा गएको विनाशकारी भुकम्पको कारणले क्षति पुगेको र जोखिममा रहेको श्री कृष्ण प्रणामी भवनको पुन संरचना कार्य गर्नका लागि उपयोग गर्नेछ । भवनमा समितिद्वारा वृद्धआश्रम सञ्चालन गर्दै आएको र निर्माण पश्चात सो भवन समितिले असाहाय वृद्धवृद्धाहरुको आवासका लागि उपयोग गर्नेछ । समाज कल्याणको कार्य गर्दै आइरहेका उक्त संघलाई बैंकले पुऱ्याएको सो रकम सहयोगबाट आश्रय प्रदान हुने र वृद्ध नागरिक कल्याणमा केहि हदसम्म भए पनि उत्थान पुग्ने विश्वास बैंकले लिएको छ ।

बैंकले शिक्षा, स्वास्थय, वातावरण, पर्यटन, सांस्कृतिक सम्पदा, पुर्वधार र सुरक्षा जस्ता क्षेत्र अन्तर्गत विभिन्न सामाजिक उत्तरदायित्व निर्वाह सम्बन्धि कार्यहरूमा सहभागिता जनाउदै आएको र आगामी दिनहरुमा पनि यसलाई निरन्तरता दिदै जाने उद्देश्य बैंकको रहेको छ ।